# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### इभाङ, इलाम, कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१

च. नं. :

मिति : २०८०/१२/१५

**शिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

**पहिलो पटक सूचना प्रकाशन मिति : २०८०/१०/२९)**

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०८०/१२/१५)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति : २०८०/१२/१५ गतेको बैठकबाट भएको निर्णय अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत IEE प्रतिवेदन तथा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको प. सं. २०८०/०८१, च. नं. २०२, मिति : २०८०/१०/२२ को पत्र अनुसार तपशीलमा उल्लेखित नदीहरुको स्वीकृत स्थलहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पद्दार्थ उत्खनन् गरी स्वीकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित तपशील बमोजिमका शर्तहरुको अधीनमा रही हार्डकपी मार्फत् बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (मू. अ. कर बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| 1 | MRM/Revenue/2080/81-8 | Collection and Extraction of Natural River Bed Materials Sand, Gravel and Boulder at<br>1. Mawa Khola, Ghat - 1 (Mangsebung - 6)<br>2. and Mawa Khola, Ghat - 2 (Mangsebung - 6) | 750.0 | 1,58,760.00 | 1,000.0 |

**शर्तहरु :**

१) बोलपत्र फाराम फर्म दर्ता प्रमाणपत्र, फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ. व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी सूचनामा उल्लिखित मिति, समय र स्थानमा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको समयमा यस कार्यालयको नाममा सिटिजन्स बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको **0690100000001202 (GA-1.1ANTARIK RAJASWA KHATA)** मा बोलपत्र फाराम दस्तुर दाखिला गरेको सक्कल भौचर संलग्न राखी खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र नेपाली नागरिक भए आफूले कबोल गरेको ठेक्का अंक (मू. अ. कर सहित) को ५ % र गैर नेपाली नागरिक भए १०% धरौटी रकम यस कार्यालयको सिटिजन्स इन्टरनेशनल बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको **0690100000029201 (GA-3.1ISTHANIYA TAHA DHARAUTI KHATA)** मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तीमा १२० दिनको म्याद भएको जमानत पत्र (बिडबण्ड) शिलबन्दी बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचर पछाडि धरौटी जम्मा गर्ने व्यक्ति, फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

दिलीप कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

२) रीतपूर्वक दाखिला भएका बोलपत्रहरु नजिकको कार्यालय प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) रीत नपुगी, म्याद नाघी आएको वा कुनै शर्त राखी आएका बोलपत्रहरु उपर कुनै कार्बाही गरिने छैन । गाउँपालिकालाई तिर्नु वा बुझाउनु बाँकी बक्यौता रहेको व्यक्ति, कम्पनी वा फर्मलाई ठेक्का प्रक्रियामा संलग्न गरिने छैन ।

४. स्वीकृत बोलपत्रदाताले कबोल बमोजिमको वार्षिक ठेक्का रकम एकमुष्ठ बुझाएमा १० % रकम छुट दिन सकिनेछ । स्वीकृत बोलपत्रदाताले किस्ताबन्दीमा रकम बुझाउन चाहेमा कबोल अंकको ४०% ले हुन आउने रकम स्थानीय विभाज्य कोष खातामा जम्मा गरी बाँकी ६०% बराबरको रकम ठेक्का सम्झौता अवधिसम्मको समयावधि भएको वाणिज्य बैंकको कार्यसम्पादन जमानत पेश गरेपछि मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता कबोल अंकको ३०% ले हुने रकम २०८१ वैशाख मसान्तभित्र र अन्तिम किस्ता कबोल अंकको ३०% ले हुने रकम २०८१ जेठ २५ गतेभित्र कार्यालयमा जम्मा गरी सक्नुपर्नेछ ।

५) कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँ कार्यपालिकामा सुरक्षित रहनेछ । तर कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धी माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

६) ठेक्का रकम असुली सम्बन्धी प्रशासनिक खर्च ठेकेदार आफैंले व्यहोर्नु पर्नेछ र प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर आदि बुझाउनुपर्ने दायित्व ठेकेदारको हुनेछ । कर असुली गर्न नगदी रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

७) बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट तोकिएको समयभित्र खरिद तथा दाखिला गर्न सकिनेछ ।

८) बोलपत्र फाराममा कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

९) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

१०) थप जानकारीका लागि ९८४२७९८९६१ मा सम्पर्क गर्न सकिनेछ ।

२०८०-१२-१५

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

---